# राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७

**प्रस्तावनाः** मुलुकको सर्वाङ्गीण एवं दिगो विकासको लागि राष्ट्रिय विकासका नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्न राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपाल सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "राष्ट्रिय योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०६७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले आयोगको उपाध्यक्ष एवं सदस्य-सचिवलाई समेत जनाउनेछ ।

(ङ) "परिषद्" भन्नाले राष्ट्रिय विकास परिषद् सम्झनु पर्छ ।

(च) "सचिवालय" भन्नाले आयोगको सचिवालय सम्झनु पर्छ ।

(छ) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत नेपाल सरकारका विभिन्न सेवाका कर्मचारी सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अर्न्तगत आयोगले जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **आयोगको गठनः** (१) राष्ट्रिय विकासको नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न देहायबमोजिम राष्ट्रिय योजना आयोगको गठन हुनेछ ।

(२) आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्ः-

(क) प्रधानमन्त्री - अध्यक्ष

नेपाल कानून आयोग

(ख) नेपाल सरकारबाट नियुक्त एक जना - उपाध्यक्ष

(ग) नेपाल सरकारबाट नियुक्त बढीमा सातजना - सदस्य

(घ) मुख्य सचिव, नेपाल सरकार - सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(च) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा विधागत विज्ञता तथा समावेशीकरणको सिद्धान्तको अवलम्बन गरिनेछ ।

(४) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्ने छन् ।

४. **योग्यताः** देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै मान्यता प्राप्त विधामा स्नातकोत्तर उपाधि हासिल गरी योजना तथा अनुसन्धानका क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी विशिष्टता हासिल गरेको,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहर नभएको,

(घ) नियतवस बैकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको ।

५. **आयोगको काम, कर्तव्य र अधिकारः** (१) प्रचलित कानून तथा यस आदेशमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) राष्ट्रिय विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन राष्ट्रिय योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्ने,

(ख) राष्ट्रिय योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नका लागि उपयुक्त संरचना तथा संयन्त्रको निर्माण र विकास गर्ने,

नेपाल कानून आयोग

(ग) राष्ट्रको समग्र आर्थिक एवं सामाजिक विकासका लागि क्षेत्रगत नीति तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) संविधान बमोजिम राज्यको निर्देशक सिद्धान्त तथा नीतिको अधीनमा रही सामाजिक न्यायको दृष्टिकोणबाट आम नागरिकलाई राष्ट्रको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुँच अभिवृद्धि गराउने गरी योजना तथा नीति तर्जुमा गर्ने,

(ङ) आर्थिक, समाजिक विकासका समग्र पक्षको वारेमा तथ्याङ्क संकलन तथा प्रशोधन, अध्ययन, अनुसन्धान गरी वा गराई संप्रेषण गर्ने गराउने,

(च) आर्थिक विकासको लागि आवश्यक पर्ने स्रोत र साधनको आकलन तथा परिचालन गर्ने,

(छ) राष्ट्रको समग्र विकासको लागि अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ज) मुलुकको सन्तुलित विकासका लागि क्षेत्रीय र स्थानीय विकासको नीति र रणनीति तर्जूमा गर्ने,

(झ) गरिवी निवारणको रणनीति तर्जुमा गरी निश्चित अवधि भित्र मुलुकबाट निरपेक्ष गरिवी अन्त्य गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ञ) विभिन्न विकास आयोजनाको कार्यान्वयन र प्रतिफलको समीक्षा गर्ने,

(ट) आवधिक योजनाअनुरुप वार्षिक विकास कार्यक्रम, लक्ष्य तथा प्राथमिकता निर्धारण गर्ने,

(ठ) अर्थ मन्त्रालयसँग समन्वय गरी वार्षिक विकास कार्यक्रमका लागि बजेट सीमा निर्धारण गर्ने,

(ड) क्षेत्रगत मन्त्रालय, सचिवालय, विभाग तथा निकायहरुले तयार गरेका योजनाको स्वीकृतिको लागि सहमति दिने र क्षेत्रगत

नेपाल कानून आयोग

नीति तर्जुमा गर्न सहयोग पुऱ्याई कार्यान्वयनको लागि सुझाव तथा निर्देशन दिने,

(ढ) विभिन्न निकायबाट पेश भएको विकास आयोजनाको प्रस्तावको मूल्याङ्कन गरी आवश्यकता अनुसार स्वीकृत गर्ने,

(ण) स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

(त) प्राकृतिक स्रोतको दिगो तथा कुशल व्यवस्थापनको आवश्यक नीति तथा योजना बनाउने,

(थ) राष्ट्रको लागि आवश्यक मानव संसाधन विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गरी क्षेत्रगत कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने वा गराउने,

(द) राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्र तथा आयोजनाको पहिचान गरी निर्धारण गर्ने,

(ध) प्रचलित कानूनमा तोकिए बमोजिम अन्य काम गर्ने ।

६. **आयोगको बैठकः** (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले आयोगको बैठक बोलाउनेछ ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय आयोगको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६) आयोगको बैठकको निर्णय आयोगका सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) आयोगको बैठकमा सम्बन्धित पदाधिकारी तथा विशेषज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

७. **आयोगको नियमित बैठक:** (१) आयोगको नियमित कार्यसञ्चालनको रेखदेख, नियन्त्रण, सुपरिवेक्षण एवं मूल्यांकनको लागि आयोगको नियमित बैठक हप्ताको कम्तीमा एकपटक बस्नेछ ।

(२) आयोगको नियमित बैठक उपाध्यक्षको निर्देशनमा आयोगको सदस्य-सचिवले बोलाउनेछ ।

(३) आयोगको नियमित बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र उपाध्यक्षको अनुपस्थितिमा आयोगका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको नियमित बैठकमा यस आदेशको दफा ३ को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको उपस्थिति अनिवार्य हुने छैन ।

(५) आयोगको नियमित वैठक सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

८. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** (१) उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगसँग सम्बन्धित काम समन्वयात्मक ढंगले सञ्चालन गर्ने, गराउने,

(ख) मुलुकको समग्र आर्थिक स्थिति, चालु योजना र राष्ट्रिय प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको स्थितिका बारेमा समय समयमा प्रधानमन्त्रीलाई जानकारी गराउने,

(ग) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गर्ने,

(घ) आयोगले सम्पादन गर्नु पर्ने काम कारवाही बारे सदस्यको जिम्मेवारी तोक्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) आयोगको नियमित काम कारबाहीहरु उपाध्यक्षको निर्देशन अनुरुप सञ्चालन हुनेछन् ।

९. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

नेपाल कानून आयोग

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रममा आयोगको तर्फबाट राय दिने प्रयोजनको लागि आायोगमा पेश गर्ने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित बार्षिक कार्यक्रम सरकारको नीति र कार्यक्रम अन्तरगत रही स्वीकृति दिने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, आयोजना तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मुल्यांकन गर्ने,

(घ) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित आयोजनाको वार्षिक प्रगति प्रतिवेदन तयार गरी उपाध्यक्ष समक्ष पेश गर्ने,

(ङ) उपाध्यक्षले तोके बमोजिमका अन्य काम गर्ने ।

१०. **राष्ट्रिय विकास परिषद्को गठन:** आयोगले तर्जुमा गरेको अल्पकालीन, दीर्घकालीन वा आवधिक विकास योजना छलफलको लागि राष्ट्रिय विकास परिषद्को गठन हुनेछः-

(२) परिषद्मा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन् :

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) आयोगको उपाध्यक्ष - उपाध्यक्ष

(ग) सबै विभागीय मन्त्री/राज्यमन्त्री - सदस्य

(घ) व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता - सदस्य

(ङ) व्यवस्थापिका-संसदका स्थायी समितिका सभापतिहरु - सदस्य

(च) आयोगका सदस्यहरु - सदस्य

(छ) गभर्नर, नेपाल राष्ट्र बैक - सदस्य

(ज) विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट आयोगद्वारा मनोनीत पैंतीसजना - सदस्य

(झ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य-सचिव





नेपाल कानून आयोग

११. **परिषद्को बैठक सम्बन्धी व्यवस्था:** (१) परिषद्को बैठक एक अवधिको योजना समाप्त भई अर्को अवधिको लागि तर्जुमा गरिएको योजनामा छलफल गर्न बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्ष र निजको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ ।

(४) आयोगको सचिवले परिषद्को सदस्य-सचिव भई काम गर्नेछ ।

(५) परिषद्को बैठकमा सम्वद्ध पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) परिषद्को निर्णय आयोगको उपाध्यक्षले प्रमाणित गर्नेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. **राष्ट्रिय योजनाको स्वीकृति:** आयोगले तयार गरेको योजनामा राष्ट्रिय विकास परिषद्मा छलफल भएपछि सो परिषद्को निर्देशन अनुसार नेपाल सरकारको स्वीकृतिको लागि पेश गरिनेछ ।

१३. **मन्त्रालयगत तथा क्षेत्रीय योजना स्वीकृत गराउनु पर्ने:** (१) नेपाल सरकारबाट विनियोजन हुने रकम तथा वैदेशिक सहायताबाट सञ्चालन हुने योजना आयोगबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका योजनाको तर्जुमा तथा स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **अनुगमन र मूल्यांकनको आधार र प्रकृया:** आयोगले तर्जुमा गरेको वा स्वीकृत गरेको योजनाको अनुगमन तथा मूल्यांकन गर्ने आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१५. **समन्वय कायम गर्नु पर्ने:** (१) आयोगले योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्दा र त्यसको रणनीति तय गर्दा सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयसँग समन्वय गर्नेछ ।

(२) आयोगले योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्दा स्थानीय निकाय सम्वद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथा निजी संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्न सक्नेछ ।





नेपाल कानून आयोग

१६. **पालना गर्नु पर्ने:** आयोगले योजनाको तर्जुमा, अनुगमन र मूल्यांकनको लागि निर्धारण गरेको नीति, रणनीति तथा निर्देशनहरु योजना कार्यान्वयन गर्ने सम्वद्ध सबै निकायहरुले पालना गर्नु पर्नेछ।

१७. **पदावधि:** (१) उपाध्यक्ष तथा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यको पदावधि सामान्यतः पाँच वर्षको हुनेछ र निजको पुनः नियुक्त हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा आयोगका कुनै सदस्यको पद रिक्त रहन गएमा त्यसरी रिक्त रहन गएको स्थानमा बाँकी अवधिको लागि यस आदेशको अधीनमा रही नेपाल सरकारले अर्को सदस्य नियुक्ति गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले उपाध्यक्ष तथा सदस्यहरुको हेरफेर गर्न सक्नेछ।

१८. **पद रिक्त हुने अवस्था:** देहायको अवस्थामा उपाध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछः-

(क) निजको पदावधि पूरा भएमा,

(ख) निजले नेपाल सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) दफा १७ को उपदफा (३) बमोजिम नेपाल सरकारले हेरफेर गरेमा,

(घ) निजमा दफा ४ बमोजिमको योग्यता कायम नरहेमा, वा

(ङ) निजको मृत्यु भएमा।

१९. **उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा:** (१) उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, सवारी सुविधा क्रमसः नेपाल सरकारका राज्यमन्त्री तथा सहायक मन्त्री सरह हुनेछ।

(२) उपाध्यक्ष तथा सदस्यको अन्य सुविधा नेपाल सरकाले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **पूर्व स्वीकृति लिनु पर्ने:** (१) उपाध्यक्ष तथा सदस्यले निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) सदस्यले आयोगको कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्नु परेमा उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ।

२१. **आयोगको सचिवालयः** (१) आयोगको आर्थिक तथा दैनिक प्रशासनिक काम कारवाहीको लागि आयोगको एक सचिवालय रहनेछ ।

(२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगले सम्पादन गर्ने काम कारबाहीमा आयोगलाई सहयोग पुऱ्याउने,

(ख) राष्ट्रिय विकास परिषद्को बैठकको लागि प्रस्ताव तयार गर्ने,

(ग) आयोगको निर्णय कार्यान्वयन गर्ने,

(घ) परिषद्को सचिवालयको काम गर्ने,

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

२२. **सचिवः** (१) राष्ट्रिय योजना आयोगको सचिवालयमा नेपाल निजामती सेवाको एक विशिष्ट श्रेणीको अधिकृत रहनेछ ।

(२) प्रचलित कानुन बमोजिमको काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सचिवलायको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

(ख) सचिवालयको प्रशासकीय काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने काम गर्ने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

२३. **कर्मचारी तथा बजेट सम्वन्धी व्यवस्थाः** (१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) आयोगको लागि आवश्यक पर्ने कर्मचारीहरु नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) आयोगले आवश्यक सम्झेका क्षेत्रमा अवधि किटान गरी विज्ञ व्यक्तिको सेवा लिन सक्नेछ ।

(४) आयोगको लागि आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ ।





नेपाल कानून आयोग

२४. **अधिकार प्रत्यायोजन:** आयोगले यस आदेश बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. **नेपाल सरकारसँग सम्पर्क:** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

२६. **प्रतिवेदन पेश गर्ने:** (१) आयोगले वर्ष भरीमा आफूले सम्पादन गरेका मुख्य मुख्य काम कारबाहीहरु, स्वीकृत गरेको योजना तथा कार्यक्रम र सो अनुसार क्षेत्रगत निकायबाट भएका काम तथा प्राप्त उपलव्धि समेत समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले आवश्यकता अनुसार सार्वजनिक गर्नेछ ।

२७. **निर्देशिका र कार्यविधि बनाउन सक्ने:** यस आदेशको उद्देश्य पूर्तिको लागि आयोगले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू गर्नसक्नेछ ।

२८. **बचाऊ:** (१) यो आदेश प्रारम्भ हुँदाको वखत कायम रहेको राष्ट्रिय योजना आयोग यसै आदेश बमोजिम गठन भएको मानिनेछ ।

(२) यो आदेश प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रिय योजना आयोगमा वहाल रहेका उपाध्यक्ष तथा सदस्य यसै आदेश बमोजिम नियुक्त भएको मानिनेछ ।

(३) यो आदेश जारी हुँदाका बखत कायम रहेका आयोगका सदस्यहरु दफा १७ को उपदफा (१) बमोजिमको अवधिसम्म आफ्नो पदमा वहाल रहनेछन् ।

तर यस व्यवस्थाले दफा १७ को उपदफा (३) बमोजिम नेपाल सरकारले हेरफेर गर्न कुनै रोक लगाएको मानिने छैन ।

(४) यो आदेश प्रारम्भ हुँदाका वखत कायम रहेको राष्ट्रिय योजना आयोगले सम्पादन गरेको काम कारवाही यसै आदेश बमोजिम सम्पादन भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग